## असफलताको सुधार गर्नु:

मसँग तपाईंका लागि नराम्रो खबर छ। तपाईं असफल हुनुहुनेछ। अब, यो तपाईंको लागि कुनै नयाँ कुरा होइन, किनकि यदि तपाईं एक दिनका लागि सेवकाईमा हुनुहुन्छ भने, तपाईं पहिले नै कुनै न कुनै रूपमा असफल भइसक्नुभएको छ। हामीलाई इतिहासभरि, धर्मशास्त्रभरि, व्यक्तिगत अनुभवद्वारा जानेका छौं, कोही पनि कुनै न कुनै तरिकाले असफल नभई साँच्चै सफल हुँदैन।

त्यो प्रक्रियाको एक भाग हो। तैपनि, विशेष गरी मण्डलीमा असफलतालाई यसरी बुझ्ने गर्छौं, जुन सोच अति साँघुरो छ, कि हामी असफलताको सुधार कसरी गर्ने भनेर जान्दैनौं। खम्बाहरू पाठ्यक्रममा, असफलता बढ्ने र परमेश्वरले हामीलाई कसरी विकास गर्नुहुन्छ भनी जान्नका लागि एक महत्त्वपूर्ण भाग हो, किनकि यो त्यहाँ हुनेछ। त्यहाँ हुनका लागि, हामीले आफैलगायत अरूलाई यसबाट भएर डोऱ्याउनुपर्छ।

पावलले वास्तवमा असफलताको बारेमा अप्रत्यक्ष रूपमा लेखेका थिए र अझै पनि हाम्रो लागि जानकारीका लागि २ कोरिन्थी ३ अध्यायमा, तिनले यसो भनेका छन्, "हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बदलिँदै जान्छौं।"

पावलले एउटा चित्र कोर्छन् जसले भन्छ, "हामी सबै एक स्तरको महिमाबाट अर्को स्तरको महिमामा बढ्दैछौं।" जब तपाईं त्यो प्रक्रियाबाट बढ्दै जानुहुन्छ, कहिलेकहीं तपाईं ठेस खानुहुन्छ, कहिलेकहीं तपाईं असफल बन्नुहुन्छ।

एउटा बच्चाको कल्पना गर्नुहोस्, एउटा शिशु जसले घस्रन सिक्न थाल्छ। तिनीहरू घस्रँदा घस्रँदै अर्को चरणमा तिनीहरूले हिँड्न सिक्न थाल्छन्। जब बच्चा हिंड्न सिक्दै गरेको हुन्छ त्यस बेला उसले आफ्नो पहिलो केही पाइला चाल्छ, उ लड्नेछ। यस्तै हुन्छैहुन्छ। कुनै पनि बच्चा खडा भएर एकै पटक पनि नलडी हिँड्न सक्दैन। तिनीहरू लड्छन्। यो सिक्ने प्रक्रियाको एक भाग हो। तैपनि  कुनै पनि आमाबाबुले बच्चा हिँड्न सिक्दै गर्दा लडेकोमा रिसाउँदैनन्।

कोरिन्थीहरूको पुस्तकमा हाम्रो प्रक्रियाको वर्णन गर्दै पावलले यसो भनिरहेका छन्, "हामी हिँड्न सिकिरहेका छौं र त्यसपछि हामी एउटा महिमाबाट अर्को महिमामा जान दगुर्न सिक्नेछौं।" तैपनि, कतिचोटि मण्डलीमा सेवकाई गर्नेहरू असफल हुँदा हामी उनीहरूसँग रिसाउँछौं भन्ने कुरा के सत्य होइन र? हामी त्यसलाई विकासको प्रक्रियाको रूपमा भइरहेको कुराको रूपमा हेर्दैनौं। अब, मैले यस कक्षामा नैतिक असफलताको बारेमा कुरा गरेको होइनँ।

मैले के कुरा गरेको हुँ भने जब तपाईं नयाँ कुराहरू गर्ने कोसिस र सेवकाई गर्ने कोसिस गर्नुहुन्छ, र सबै कुराहरू तपाईंले आशा गरे जस्तो राम्रोसँग हुँदैन। किनकि सेवकाईमा वा जीवनमा कुनै पनि कुरामा असफलता आउने गर्छ, मानिसहरू असफलतासँग डराउँछन् र यसले तिनीहरूलाई निष्क्रिय बनाउन सक्छ। त्यहाँ तपाईंले गर्न लाग्नुभएको कार्यमा पूरा सफलताको प्रत्याभूति(निश्चयता) गर्नका निम्ति खतराबाट बच्ने, सुरक्षित भएर काम गर्ने, निर्णय लिने क्रममा साँच्चै सावधान रहने परीक्षा हुन्छ। त्यहाँ असफल हुँदा त्यसलाई ढाकछोप गर्ने, त्यो त्यति राम्रो नभए पनि त्यसको बारेमा राम्रो कुरा गर्ने परीक्षा हुन्छ। तर यदि तपाईं होसियार हुनुभएन भने त्यहाँ एउटा चक्र छ जसमा तपाईं फस्न सक्नुहुन्छ। यदि सेवकाईमा तपाईंको कार्यलाई डरले निर्देशित गरिरहेको छ भने, तपाईंसँग कार्य हुनेछैन। तपाईंसँग निष्क्रियता हुनेछ। अनि निष्क्रियताले अनुभवहीनता निम्त्याउँछ। तपाईंले केही पनि सिक्नुहुन्न, किनकि वास्तवमा एक अर्थमा तपाईंले कुनै एउटा नयाँ कार्य गर्न कदम चाल्नुहुन्न, अनि अनुभवहीनताले असक्षमतातिर डोऱ्याउँछ।

तपाईंसँग सेवकाई गर्ने नयाँ तरिकाहरूमा बढ्ने क्षमता हुँदैन, किनकि तपाईं कहिल्यै केही गर्न कदम चाल्नुहुन्न। मलाई लाग्छ, यही कुरा नै वास्तवमा महत्त्वपूर्ण हुन्छ। हामीले आफ्नै लागि र हामीले डोऱ्याइरहेका मानिसहरूका निम्ति डरको बाधा कसरी हटाउने सो जान्नुपर्छ। हामीले असफलतामा सुधार कसरी गर्ने सो जान्नैपर्छ। एक अगुवाको रूपमा तपाईंसँग साँच्चै दुईवटा विकल्पहरू छन्। तपाईं यस्तो तरिका अप्नाउन सक्नुहुन्छ जसले असफलतामा पुऱ्याउँछ। मानिसहरू व्याकुल हुनेछन्। मानिसहरूले दोषी महसुस गर्नेछन्। मानिसहरूले केही गर्ने कोसिस गर्दा त्यसले काम नगरेकोले, र असफल भएकोले सेवकाई छोड्नेछन्। तपाईंहरूमध्ये कसै-कसैले व्यक्तिगत रूपमा यो अनुभव गर्नुभएको हुन सक्छ। तपाईंसँग असफलताहरू थिए, र त्यो असफलताबाट कसरी अगि बढने भन्ने कुरा तपाईंलाई थाहा थिएन, र यसले तपाईंलाई भविष्यका लागि साँच्चै निष्क्रिय बनायो। वा तपाईंलाई सफलतामा अगाडि बढायो।

असफलताको सट्टा, त्यहाँ एक सफलताको मार्ग तयार हुन्छ।

तपाईंसँग असफलताहरू छन्, ठ्याक्कै त्यस्तै असफलताहरू, तर तपाईंलाई त्यो असफलताबाट कसरी अगाडि बढने त्यो जान्नुहुन्छ र त्यसका निम्ति सुसज्जित हुनुभएको छ, त्यो असफलतामा सुधार कसरी गर्ने त्यो जान्नुहुन्छ। यसको सुरुवात असफलताबारे र असफलताले कसरी काम गर्छ र परमेश्वरले यसलाई हाम्रो सेवकाई र हाम्रो जीवनमा कसरी प्रयोग गर्नुहुन्छ भन्ने वास्तविक बाइबलीय, स्पष्ट समझबाट सुरु हुँदछ। त्यसैले म चाहन्छु कि तपाईं म सँगसँगै एक क्षणका लागि विचार गर्नुहोस्। हामी बुझ्छौं र जान्दछौं कि सफलतातिर बढनका निम्ति असफलता आवश्यक हुन्छ।

बाटोमा थोरै ठेस नखाई कोही पनि सफल हुनेछैन, किनकि तपाईं त्यसरी सिक्नुहुन्छ, त्यसरी नै तपाईं बढ्नुहुन्छ, त्यसरी नै तपाईं थाहा पाउनुहुन्छ। यदि तपाईं एक अगुवा हुनुहुन्छ र तपाईं आफ्नो दललाई हेर्दै हुनुहुन्छ र तपाईंसँग तिनीहरू कसरी सफल हुनेछन् भन्ने आकांक्षा छ भने, तपाईंले आधारबाट सुरु गर्नुपर्छ, अर्थात् तिनीहरू कसरी असफल हुनेछन्? भनी सोच्दै सुरु गर्नुपर्छ। तिनीहरू कसरी ठेस खान सक्छन् जसले तिनीहरूलाई सफल हुन सहायता गर्नेछ? ओलम्पिकमा विजयी हुने पनि महान् खेलाडीले कहिल्यै हरेक पाइलामा सफलता पाएको हुँदैन।

तिनीहरूसँग केही असफलताहरू थिए, जसले तिनीहरूलाई बढ्न र बाइबलका सबै महान् अगुवाहरूलाई उछिन्ने अनुमति दियो, जसले परमेश्वरको राज्यको लागि अचम्मका कामहरू गरे, जसमा केही असफलताहरू पनि थिए। अनि एक अगुवाको रूपमा, हामी निष्क्रिय रहेर हाम्रा मानिसहरू कहिले असफलता होलान् र त्यसप्रति प्रतिक्रिया जनाउने भनी पर्खेर बस्नुको सट्टा, मलाई लाग्छ, कि हामीले आफैलाई योजना बनाउन तयार गर्नुपर्छ। यसलाई गलत नबुझ्नुहोस्, तर तिनीहरूलाई असफलताका लागि तयार गर्नुहोस्। तिनीहरूलाई यस्तो अनुभव चाहिन्छ, जसले तिनीहरूलाई फैलाउँछ, एउटा यस्तो अनुभव जुन तिनीहरूका क्षमताभन्दा बढी हुन्छ, र तिनीहरूलाई ठेस लाग्न सक्छन्, तर तिनीहरूले त्यसबाट सिक्नेछन्।

जब येशूले पत्रुसलाई पानीमाथि हिंड्न डुङ्गाबाट बाहिर बोलाउनुभयो। मलाई लाग्छ, पत्रुस सुरुमा राम्रै हिँड्नेछ र त्यसपछि ठेस खान सक्छन् र डुब्न सक्छन् भन्ने कुरा येशूले जान्नुहुन्थ्यो। तैपनि उहाँले तिनलाई पानीमाथि हिँड्न बोलाउनुभयो, किनकि जब पत्रुस डुब्न थाले, येशूको हात तिनीहरूसँगै थियो, असफलता जस्तो देखिने कुरालाई लिएर पत्रुसको भविष्यका लागि त्यो घटनालाई ठूलो भरोसामा परिणत गर्नुभयो। तपाईंले बुझ्नुहुन्छ, असफलता कि त तपाईं वा तपाईंका मानिसहरूका लागि ठेस लाग्ने बाधा हुनेछ, वा यो तिनीहरू कसरी अगाडि बढ्नुपर्छ भन्ने साधन हुनेछ। सफलता र असफलता बीचको भिन्नता तपाईंले तीबारे राख्नुभएको सोचमा, तपाईंले अनुभव अघि तिनीहरूलाई दिनुहुने शिक्षामा हुनेछ। तपाईं असफलतालाई कसरी हेर्नुहुन्छ भन्ने कुराको ज्ञान र

समझ उनीहरूलाई चाहिन्छ, ताकि उनीहरूले त्यो कुरालाई अँगाल्न सकून् र त्यस्तो पनि हुँदो रहेछ भनी जान्न सकून्। मैले पास्टरी सेवा गरिरहेको बेला एक आइतबार बिहान हाम्रो मण्डलीमा भेटी संकलनको समय एक जना युवक आएँ, र ऊ उठ्नु अघि मलाई ऊ केही डराएको छ भनी थाहा भयो, र मलाई स्थिति राम्रो नहोला भन्ने भान भयो, यसैले मैले उसलाई हेर्दै भनें, "तिमीले यो गरिरहेको छैनौ।"

तुरुन्तै, यो व्यक्तिलाई यदि यो मौका केही कठिन भए पनि त्यहाँ धेरै मौकाहरू हुनेछन्, जोएलले त्यहाँ धेरै मौकाहरू हुनेछन् भनेका छन् भनी थाहा भयो। यो कि त बाधा हुनेछ वा अगाडि बढाउने कदम हुनेछ। तपाईं अगुवा हुनुभएकोले तिनीहरूलाई त्यसरी तयार गर्ने काम तपाईंको हो। असफलताले यो ठूलो परिपक्वता सिर्जना गर्न सक्छ, वा यसले असुरक्षालाई अझ बलियो बनाउन सक्छ। अगुवाको रूपमा हाम्रो काम यो जान्नु हो कि जब चुनौतीपूर्ण क्षणहरू हुन्छन्, हामी कसरी यसद्वारा परिपक्वता विकास गर्न सक्छौं? यदि हामीले गलत तरिकाले प्रतिक्रिया दियौं भने त्यसले असुरक्षा उत्पन्न गर्न सक्छ जसले तिनीहरूलाई परमेश्वरले तिनीहरूका लागि राख्नुभएका सबै कुरातर्फ साँच्चै बढ्नबाट रोक्नेछ। अब, त्यस्तो हुनका लागि, मानिसहरूलाई त्यस प्रकारको जागरूकता र त्यस प्रकारको विकासमा डोर्‍याउनका निम्ति सुरुमा, हामीले हाम्रा लक्ष्यहरू, हाम्रा रणनीतिहरू, हामी उनीहरूलाई के गर्न चाहन्छौं भन्ने कुरामा साँच्चै स्पष्ट हुनुपर्छ। यदि हामी त्यस कुरामा साँच्चै स्पष्ट छौं भने जब तिनीहरू त्यसमा बढ्छन् र संघर्ष गर्छन्, त्यहाँ एक भिन्नता हुन्छ। कल्पना गर्नुहोस्, एउटा मण्डलीमा एउटा विभाग छ, एउटा महिला विभाग छ, र तीन महिलालाई त्यो विभाग लिन भनिएको छ, र पादरी भन्छन्, "जब त्यस कुरालाई मानदण्डको रूपमा राखेपछि पनि यी तीन महिलाले सहकार्य गर्दैनन्, जब तिनीहरू तर्क गर्न थाल्छन्, तब पादरीले त्यो स्थापित मानदण्ड देखाउँदै यसो भन्न सक्छन्, "तपाईंहरू असफल हुनुभएको छ। हामी त्यसबाट सिकौं। हामी त्यसबाट अगि बढौं।" यदि त्यो मानदण्ड स्थापित भएको छैन भने, असफलता के हो वा होइन भन्ने कुरा त्यति स्पष्ट हुँदैन। त्यसैले एक अगुवाको रूपमा, तपाईंको यो ठूलो जिम्मेवारी र "असफलता वास्तवमा परमेश्वरको वरदान हो" भन्ने विचार व्यक्ति गर्ने ठूलो मौका हुन्छ।

प्रत्येक व्यक्ति अगि बढदैजाँदा असफल हुन सक्छ, तर मैले यसको नेतृत्व गर्नुपर्छ, पहिले उनीहरूको समझबाट र त्यसपछि उनीहरूसँग मेरो नेतृत्व अभ्यासबाट।" किनकि धेरै पटक अगुवाको रूपमा हामी हाम्रा मानिसहरू असफल हुँदा त्यसका लागि तयार हुँदैनौं। संघर्ष गर्नुपर्दा वा असफल हुँदा तपाईं आफ्नो दललाई वा तपाईं आफैलाई कसरी मार्गदर्शन गर्न सक्नुहुन्छ भन्ने विषयमा म तपाईंलाई केही सुझाउहरू दिन्छु। सबैभन्दा पहिले, तपाईंले त्यस व्यक्तिको पहिचानलाई उसको असफलताबाट अलग गर्ने निश्चित गर्नुहोस्।

असफलता एउटा कार्य हो। तिनीहरूको पहिचान स्थायी हुन्छ। तिनीहरूको चरित्र अलग हुन्छ।

जब कोही असफल हुन्छ, तिनीहरूले गर्ने पहिलो कुरा भनेको उनीहरूले त्यसलाई आफ्नो पहिचानमा जोडछन्। "म असफल हुँ।" तिनीहरूलाई बोल्ने अगुवाको आवाज चाहिन्छ जसले भन्छ, "यो कार्य सफल नभएको हुन सक्छ, तर तपाईंहरू अझै पनि असल कामका निम्ति सृजना गरिएका परमेश्वरका हातका सीपहरू हुनुहुन्छ।" त्यसैले तपाईंले असफलतालाई आफ्नो पहिचानबाट अलग गर्नुपर्छ, कहिलेकहीँ उत्तेजनापूर्ण क्षणहरूमा पनि असफलता हुन्छ। तपाईं आफूले भन्ने कुरामा होसियार हुनुपर्छ, किनकि तपाईंले वास्तवमा उनीहरूमाथि शैतानको परीक्षालाई "यो म हुँ, केवल मेरो होइन" भन्दै जोड दिइरहनुभएको हुन्छ। त्यसैकारण पहिचानलाई अलग गर्नुहोस्। अनि तपाईंलाई थाहा हुनुपर्छ कि जब कोही असफल हुन्छ, तब असफलताको साथमा सधैं अस्वीकृति, तिरस्कारको भावना पनि हुन्छ। त्यहाँ एउटा शत्रु भएकोले असफलताको साथमा सधैं तिरस्कार हुन्छ, त्यो शत्रुले कसैको हृदय र मनमा बिस्तारै यसो भन्छ, "देख्यौ त? तिनीहरूले अब तिमीलाई स्वीकार गर्ने छैनन्। देख्यौ? तिनीहरूले अब तिमीलाई चाहँदैनन्।" तपाईंले बुझ्नुपर्छ, जब कोही असफल हुन्छ, सेवकाईको सन्दर्भमा यस्तो हुन सक्छ, यो पारिवारिक सन्दर्भमा हुन सक्छ। तपाईंले बुझ्नुपर्छ, तिनीहरूमा तिरस्कारको भावना हुनेछ, र तपाईंले सिधै

त्यसलाई सम्बोधन गर्नुपर्छ। तिरस्कारको भावना छ भनी बुझेर तपाईंले त्यसलाई सच्याउनुपर्छ। तपाईंले त्यस विषयमा बोल्नुपर्छ। किनकि तिनीहरूले आफू तिरस्कृत भएको महसुस गररहेका छन् भन्ने कुरा तपाईंलाई कहिल्यै भन्नेछैनन्। तिनीहरूले असफल भएको कारणले गर्दा कहिल्यै त्यो भन्ने हिम्मत गर्दैनन्।

तर तिनीहरूले त्यो महसुस गरिरहेका हुन्छन्। अनि यदि तपाईंलाई त्यसको बारेमा थाहा भयो भने, त्यस विषयमा कुरा गर्न सक्नुहुन्छ, र तपाईंले तिनीहरूलाई समर्थन गर्न र अगाडि बढाइराख्न सक्नुहुन्छ। त्यसैकारण पत्रुसले येशूलाई हेर्दै "हे प्रभु, मबाट जाइजानुहोस्। किनभने म पापी मानिस हुँ" भने। तिनी असफल भएका थिए, र उसले त्यो अस्वीकृति महसुस गरिरहेको थियो। अनि येशूले तिनलाई उठाउनुहुन्छ र भन्नुहुन्छ, "पत्रुस, म तिमीलाई चुनेको हो।" मानिसहरू असफल हुँदा अगुवाहरूले यस्तै काम गर्छन्। हामी यसलाई उनीहरूको विकास र परिपक्वतातर्फ बढने कदमको रूपमा प्रयोग गर्छौं। तैपनि तपाईंले मानिसहरूका अपेक्षाहरू पनि व्यवस्थापन गर्नुपर्छ। केही मानिसहरू धेरै उत्साहित हुनेछन्, र तिनीहरूले केही गर्ने कोसिस गर्न सक्छन्, र तिनीहरू यसले सम्पूर्ण शहरमा जागृति ल्याउनेछ भनी सोच्छन्, र तिनीहरूको अपेक्षा त्यति ठूलो हुँदैनन्।

अनि जब यो उनीहरूले आशा गरेजस्तो हुँदैन, तब उनीहरू असफल भएको महसुस गर्छन्। अनि उनीहरूले बुझ्नुपर्छ, तपाईंले अपेक्षाहरू व्यवस्थापन गर्नुपर्छ। जब मैले मेरो पहिलो पुस्तक लेखें, मैले सोचेको थिएँ त्यसको लाखौं प्रतिहरू बिक्री हुनेछन्। मेरो एक असल साथीले भन्यो, "जोएल, सायद लाखौं बिक्री नहोला।" अनि यसले मलाई साँच्चै सहायता गर्‍यो, किनकि यदि मैले सोचेको जस्तो हुन्थ्यो भने ५० हजार प्रति मात्र बिक्री हुँदा त्यो असफलता हुन्थ्यो। तर त्यस्तो भएन। यो एउटा महिमाबाट अर्को महिमामा बढनु थियो। त्यसैले हामी अगुवाको रूपमा हामी मानिसहरूका अपेक्षाहरू व्यवस्थापन गर्छौं, ताकि त्यो प्रक्रियामा केही असफलता भए पनि त्यसमा तिनीहरूले भलाइ र सफलता देख्न सकून्।

यहाँ अर्को सुझाउ छ जुन मलाई धेरै महत्त्वपूर्ण लाग्छ। जब मानिसहरू अगुवाको रूपमा असफल हुन्छन्, तब हामी मानिसहरूलाई दिने हाम्रा सबै प्रशिक्षणलाई तिनीहरूका त्यही असफलताको आधारमा परिभाषित गर्ने परीक्षामा पर्छौं। हामी उनीहरूले के गल्ती गरे भनेर हेर्छौं, र उनीहरू कुन कुरामा राम्रा छैनन् भनेर हेर्छौं, र त्यसपछि हामीले उनीहरूलाई गराएका सबै विकास र हाम्रा सबै प्रशिक्षण त्यही असफलताको आधारमा परिभाषित गर्छौं। मेरो कुरा ध्यान लाएर सुन्नुहोस्। मानिसहरूको प्रशिक्षणलाई उनीहरूको असफलताको आधारमा परिभाषित नगर्नुहोस्। हामी मानिसहरूलाई उनीहरूको सामर्थ्यहरूको आधारमा विकास र निर्माण गर्छौं। हामी मानिसहरूलाई उनीहरूको असफलताहरूको आधारमा होइन, उनीहरूको सामर्थ्यहरूको आधारमा तालीम दिन्छौं। तपाईंले त्यो असफलताको बारेमा थाहा हुनुपर्छ। तपाईंले त्यो असफलतालाई समाधान गर्नुपर्छ। तर यदि तपाईंले असफलताको आधारमा उनीहरूलाई परिवर्तन गर्ने कोसिस गर्नुभयो भने, तपाईंले वास्तवमा तिनीहरूका सामर्थ्यहरू खोस्नुहुन्छ। हामी सबैले भिन्ना-भिन्नै वरदानहरू पाएका छौं। हामी सबै एक किसिमले फरक तरिकाले तार भएका छौं। तैपनि कुनै न कुनै रूपमा हामी प्रत्येक सबै कुरा गर्न सक्ने सिद्ध ख्रीष्टियन सेवक हुनुपर्छ भन्ने गलत धारणा हुन्छ, र परमेश्वरले यसलाई त्यस्तो प्रकारले निर्धारित गर्नुभएन। मसँग एउटा वरदान छ। मसँग परमेश्वरले दिनुभएको एउटा व्यक्तित्व छ। मेरो शक्ति, मेरो वरदान र व्यक्तित्वको स्वाभाविक अर्थ यो हो कि त्यहाँ सम्भवतः एक समान कमजोरी छ, जहाँ म असफल हुन सक्छु। म एक दृढ मन भएको व्यक्ति हुँ। म एक शिक्षक हुँ। म चीजहरूलाई अनौठो तरिकाले हेर्छु। म कठोर प्रश्नहरू सोध्छु।

यसको अर्थ यो हो कि म सधैं सबैभन्दा दयालु वा कृपालु व्यक्ति हुँदैन। अनि म त्यसरी असफल हुन सक्छु। यदि मेरा अधिकारले मलाई पूर्ण दयालु र पूर्ण कृपालु हुन तालिम दिने कोसिस गर्छन् भने, उनीहरूले वास्तवमा परमेश्वरले मलाई जस्तो बनाउनुभएको छ त्यस्तो हुनबाट वञ्चित गर्छन्। त्यसैले जब हामी असफलताको सामना गर्छौं, तब हामी धेरै सावधान हुनुपर्छ, ताकि असफलताले हाम्रो प्रशिक्षण र व्यक्तिको नेतृत्व विकासलाई

असर नगरोस्। हामीले उनीहरूको सामर्थ्यमा ध्यान केन्द्रित गर्नुपर्छ र तिनीहरूलाई बुझ्नुपर्छ। हामीले उनीहरूको शक्तिमा ध्यान केन्द्रित गरिरहनुपर्छ र तिनीहरूलाई ज्ञान दिनुपर्छ।

जब तपाईं मानिसहरूको नेतृत्व गर्दै हुनुहुन्छ र तपाईं असफलतालाई सच्याउन चाहनुहुन्छ, तब त्यहाँ तपाईंको दलका सदस्यहरूमध्ये एक जना वा तपाईं आफै असफल भएको एउटा उदाहरण हुन्छ। यहाँ तीनवटा प्रश्न छन् जुन तपाईंले सधैँ सोध्नुपर्छ।

पहिलो, यो किन असफल भयो? त्यो खोजी गर्नुहोस्। त्यसलाई बुझ्नुहोस्। यसका कारणहरू पत्ता लाउनुहोस्। यो कसरी असफलता थियो? तपाईंले यो कुरा जति राम्रोसँग बुझ्न सक्नुहुन्छ, त्यत्ति नै राम्रोसँग यसलाई पत्तो लाउन सक्नुहुन्छ, त्यति नै राम्रोसँग तपाईंले केही अवस्थामा कुन कुराहरू परिवर्तन गर्न आवश्यक छ भनेर बुझ्न सक्नुहुन्छ। त्यसैले साँच्चै त्यो प्रश्न सोध्नुहोस्। यो किन असफल भयो र त्यसको खोज गर्नुहोस्? तपाईंले, "त्यो वास्तवमा असफल भएन" भनी थाहा पाउनुहुन्छ। त्यो बाहिरबाट हेर्दा त्यस्तो देखिन्थ्यो होला, तर हामी जति धेरै त्यसलाई हेर्छौं, यहाँ वास्तवमा केही राम्रा सफलताहरू थिए। यो किन असफल भयो त?

दोस्रो प्रश्न, कस्ता समस्याहरू पत्ता लागे? यो धेरै महत्त्वपूर्ण बन्छ। जब तपाईं मानिसहरूलाई विकास गर्ने कोसिस गर्दै हुनुहुन्छ, तपाईं उनीहरूले असफलताको सामना कसरी गर्छन् भनेर याद गर्न चाहनुहुन्छ।

अनि अचानक, हामी अब असफलताहरूलाई व्यापक रूपमा हेर्छौं, तर अझ स्पष्ट रूपमा हेर्छौं। के त्यहाँ सीप सम्बन्धी कुनै समस्या पत्ता लागेको छ? उनीहरूलाई पर्याप्त तालिम दिइएको थिएन। के कुनै दृष्टिकोण वा चरित्रका समस्याहरू प्रकट भएका छन्? हुन सक्छ, यो रणनीति सम्बन्धी समस्या थियो। उनीहरूले वास्तवमा आफ्नो काम राम्रोसँग गरे, तैपनि यो कार्यक्रम मंगलबार रातिको सट्टामा शुक्रबार राति हुनुपर्थ्यो। अनि त्यो कुरा प्रकट भएको हुन सक्छ। सायद त्यहाँ पहिलेबाट पर्याप्त अध्ययन नगरिएको कुरा खुलासा भएको छ। यसैले तपाईं पहिलो प्रश्न सोध्नुहुन्छ, "ठीक छ, यो किन असफल भयो?" दोस्रो प्रश्न हो, "यस असफलताले कस्ता समस्याहरू प्रकट गर्‍यो?" त्यसपछि तपाईंले एकदमै चाखलाग्दो तेस्रो प्रश्न सोध्नुहुन्छ, "को चाहिएको छ?" प्रायः हामीले असफलताको जाँच गर्दा हामी 'के' भन्ने प्रश्न, 'किन' भन्ने प्रश्न र 'कसरी' भन्ने प्रश्न बुझ्छौं, तर हामी 'को' भन्ने प्रश्न बिरलै सोध्छौं।

जब असफलता हुन्छ, त्यस बेला प्रायः एक जना व्यक्ति अनुपस्थित हुन्छ। त्यो कुनै व्यक्ति, जो आफैमा धेरै व्यस्त हुन्छ, उसँग कुनै दलको सदस्य हुँदैन। कोहीसँग उनीहरूलाई मार्गदर्शन गर्ने कुनै अगुवा हुँदैन।

सामान्यतया यो कुनै व्यक्तिको अनुपस्थिति हो। त्यसैले जब असफलता हुन्छ, सधैं "को" भन्ने प्रश्न गर्नुहोस्। कसको आवश्यकता थियो? यहाँ कसले भूमिका खेल्न सक्थ्यो? त्यसले कसरी काम गर्थ्यो? कुनै पनि व्यक्तिको वरदान र सीपको पूर्ण कदर हुँदैन। हामीलाई एकअर्काको आवश्यकता पर्छ। त्यसैले जब असफलता हुन्छ, "को" भन्ने प्रश्न गर्नुहोस्।

परमेश्वरले हामीलाई एउटा महिमाबाट अर्को महिमातर्फ बढाउँदै हुनुहुन्छ, र उहाँले हामीलाई अगुवाको रूपमा यस्तो स्थानमा राख्दै हुनुहुन्छ, जहाँ हामी अरूलाई एउटा महिमाबाट अर्को महिमातर्फ बढन सहायता गर्छौं। तर जब मानिसहरूले कदम बढाउँछन्, र विश्वासमा जिम्मेवारी र सेवकाई स्वीकार गर्छन्, तब तिनीहरू ठेस खान्छन्। हिँडन सिकिरहेको बच्चाजस्तै, तिनीहरू लड्न्छन्। एक अगुवाको रूपमा, तपाईंले यो कुरा थाहा हुनुपर्छ। यो वास्तवमा परमेश्वरको समय हो। परमेश्वरले तिनीहरूलाई कसरी बढ्ने भनेर सिकाइरहनुभएको हुन्छ। यो

अगाडि बढने कदम हो। त्यो अगि बढने कदमहरूमा तिनीहरूलाई सहायता गर्न तपाईं उपस्थित हुनुपर्छ। यी सीपहरू प्रयोग गरेर तपाईंले आफ्ना मानिसहरूलाई बढेका, परिपक्व बनेका र फस्टाएका देख्नुहुनेछ।

प्रायः समय, जब म दलका सदस्यहरूलाई त्यसरी नै असफल भइरहेका देख्छु, जसरी तिनीहरू हुँदैआएका छन्, तब त्यसको अर्थ तिनीहरूलाई एक जना अगुवाको अभाव छ भन्ने हुन्छ। म कसैलाई निर्देशन दिन्छु, म उनीहरूले त्यो काम गरून् भन्ने अपेक्षा गर्छु, उनीहरूले त्यो गर्दैनन्, वा उनीहरू असफल हुन्छन्, अनि म उनीहरूसँग रिसाउँछु र उनीहरूलाई त्यो फेरि गर्न लगाउँछु। त्यसो गर्नु अगुवाको काम गर्नु होइन।

तर जब म उनीहरूको साथमा हुनु, उनीहरूलाई तयार गर्नु, उनीहरूलाई प्रशिक्षण दिनु, त्यस कुराको आशा राख्नु, अनि तिनीहरूका विकासमा अपेक्षा राख्नु, उनीहरूलाई तयार पार्नु, उनीहरूलाई प्रशिक्षण दिनु, त्यसको वरिपरि अपेक्षा राख्नु, र त्यसपछि उनीहरूले ठेस खाँदा उनीहरूको विकासमा मार्गदर्शन गर्नु अनि नेतृत्व गर्नुको अर्थ के हो भनी बुझ्छु, तब साँचो नेतृत्व हुन्छ। त्यसपछि पनि उनीहरू फेरि असफल हुनेछन्, तर उनीहरू कुनै नयाँ कुरामा असफल हुनेछन्। असफल हुनु कुनै नराम्रो होइन। एउटै कुरामा बारम्बार असफल हुनुको सट्टा तपाईं नयाँ कुरामा असफल भइरहनुभएको छ र त्यसबाट नयाँ पाठ सिक्दै हुनुहुन्छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्। यस्तो अगुवा बन्नुहोस्, जसले असफलता त्यो प्रक्रियाको एक भाग हो भनी बुझेको हुन्छ, तर हामी असफलतालाई सच्याऔं र त्यो हाम्रा मानिसहरूको वृद्धिमा बाधा नबनोस्।